# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वीरेन्द्रनगर, सुर्खेत
## कर्णाली प्रदेश, नेपाल

मिति: २०८०/०६/१६

पत्र संख्याः- २०८०/०८१
च.न. ११५९

श्री वडा कार्यालय,
१ देखि १६ सम्म,

विषयः- अनुसुची -२ बमोजिमको फाराम नियामानुसार भराईदिनु हुन ।

उपरोक्त सम्बन्धमा यस वीरेन्द्रनगर नगरपालिकामा भूमि सम्बन्धि समस्याहरूको समाधान गर्न स्थापित भूमि सेवा केन्द्रमा राष्ट्रिय भूमि आयोग ताँहाचलको सुचना तथा राष्ट्रिय भूमि आयोग जिल्ला समिति सुर्खेतको प.सं.२०८०-०८१ च.नं. ४१ को पत्रानुसार यस वीरेन्द्रनगर नगरपालिका भित्र विगतका आयोग, कार्यदल तथा समितिबाट नापनक्सा सम्पन्न भई नक्सा, श्रेस्ता तथा फिल्डवुक सम्बन्धि समस्या भएका जग्गाधनिहरुलाई अनुसुचि २ बमोजिमको फाराम भराई वडा कार्यालयमा दर्ता गरि फाराम भराईदिनुहुन अनुरोध छ ।साथै सुचनाको प्रतिलिपी समेत यसैसाथ पठाईएको ब्यहोरा अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नेपाल सरकार

राष्ट्रिय भूमि आयोग

# जिल्ला समिति,सुर्खेत

मितिः-२०८०/५/१७

प.सं. २०८०/०८१

च.नं. ५१

स्थानीय निकाय सबै,

सुर्खेत ।

**विषयः-सूचना टाँस गरी जानकारी पठाउन हुन ।**

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगले मिति २०८०/५/१७ मा गोरखापत्रमा प्रकाशित सूचना अनुसार स्थानिय पालिकामा भूमि सम्बन्धी काम गराउने कामका लागि फारम भर्न छुट भएको भए यसै सूचना अनुसार ३५ दिन भित्र फारम भर्नको लागि सर्व साधारणमा जानकारी गराई सूचना टाँस गरी सोको जानकारी यस आयोगमा पठाई दिन हुन अनुरोध छ ।

पुनश्च:- प्रकाशित सूचनाको फोटोकपी यसै साथ संलग्न राखी पठाईएको छ ।

२०८०/०५/१८

सचिव

Email:- nlc.surkhet@gmail.com

Mobile:- [illegible]

Scanned with CamScanner

# राष्ट्रिय भूमि आयोग

ताहाचल, काठमाडौं

फोन नं. ०१-५३१३०३६ ५३१३०३२


## जग्गाको स्वामित्व, दर्ता श्रेस्ता, फिल्डबुक प्रमाणितलगायतका विषयमा निवेदन दिनेसम्बन्धी ३५ (पैंतीस) दिने सूचना !

प्रकाशित मिति : २०८० ०५ १७ गते

मिति २०७३/०१/०१ भन्दा अगाडि प्रचलित कानुनबमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणितलगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

Scanned with CamScanner